अनुसुची – २

(स्थानिय राजपत्र प्रकाशनको दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)


दुर्गाथली गाउँपालिका

# दुर्गाथली राजपत्र

दुर्गाथली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

खण्ड ०१ संख्या ०२ मिति २०८०।०६।२९

भाग – २
दुर्गाथली गाउँपालिका


# दुर्गाथली गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०८०


कार्यपालिकाबाट पारित मितिः २०८०/०६/२९

प्रमाणिकरण मितिः २०८०/०६/२९

स्थानीय राजपत्र प्रकाशन मितिः २०८०/०७/१९

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# दुर्गाथली गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०८०

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# दुर्गाथली गा.पा.को एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

प्रस्तावना- दुर्गाथली गाउँपालिका भित्र, खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागी एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) का अधिकार प्रयोग गरी यस दुर्गाथली गाउँकार्यपालिकाले दुर्गाथली गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० जारी गरेको छ।

परिच्छेद १ (एक)

१. संक्षिप्त नाम र प्रारम्भ- (क) यो कार्यविधिको नाम " दुर्गाथली गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० " रहने छ।

ख. यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

२. परिभाषा- विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

क. "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेमो वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

ख. " एम्बुलेन्स जनशक्ति " भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

ग. "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

घ. "गाउँपालिका" भन्नाले दुर्गाथली गाउँपालिकालाई सम्झनु पर्छ।

ङ. "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनुपर्दछ।

च. "सेवा" भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ।

३. एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा अनुगमन समिति :-

(१) यस दुर्गाथली गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एम्बुलेन्स सेवा सञ्चालन, व्यसस्थापन समिति रहनेछन।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग)स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम सिमितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गुणपुरक संख्या पुगेका मानिनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक सम्बन्धि कार्यविधि तथा अन्य व्यवस्था समिति स्वंयले निर्धारण गर्नेछ।

४. समितको काम, कर्तव्य र अधिकार : (१) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

(ख) एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने ।

(ग) चालकले पालना गर्नुपर्ने आंचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारका आंचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आंचारसंहिता, पालना गर्न लगाउने । बारम्बार आचरणा उलंघन गरेमा आवश्यकता अनुसार करार संम्झौता रद्ध गर्ने ।

(घ) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(ङ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण र पुनरावलोकन गर्ने ।

(च) एम्बुलेन्स सेवाको समग्र मुल्यांकन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सरोकारवाला बिच आवश्यकता अनुसार समिक्षा बैठक गर्ने ।।

(छ) गाउँपालिकाको विशिष्टलाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागी आवश्यक थप मापदण्ड बनाउने ।

(ज) चालकले अनुसुची(१)बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने ।

(झ) सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको अषाढ ससान्तमा गउँकार्यपालिकामा पेश गर्ने ।

**५. सेवा शुल्क सम्बन्धी व्यवस्था :** (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित स्वाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) सेवा शुल्क वाफत लिने रकमको असुलीका लागी गाउँपालिकाले नगदी रसिद छपाई चालकलाई उपलब्ध गराइनेछ । नगदी रसिदको अभिलेख / नियन्त्रण खाता गाउँपालिकामा राखिने छ ।

(३) सेवा दिए वाफत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(४) एम्बुलेन्स सेवा बाफत उठेको रकम गाउँपालिकाले एक अलग बैंक खाता /कोष खडागरी त्यसमा जम्मा गरिनेछ ।

(५) कोषको संचालन तथा व्यवस्थापन समितिको निर्णयनुसार हुनेछ । कोषको रकम सामान्य तया इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्री खरिदमा खर्च गरिनेछ ।

**६. लगबुक राख्नु पर्ने :** (१) एम्बुलेन्स सेवा दिएको स्थान र मिति खुल्ने गरि सवारी लगबुक राख्नु पर्ने छ । लग बुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको रहनेछ भने सोको प्रमाणित गर्ने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृतको वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको हुनेछ ।

**७. चालकको नियुक्ति र सेवा सुविधा:** (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँकार्यपालिकाले राष्ट्रिय एम्बुलेन्स निर्देशिका,२०७८ को दफा १८ (१) मा तोकेको योग्यता पुगेको चालक सेवा करारमा नियुक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिम समितिको निर्णय अनुसार करार पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) चालकको रु २ लाख सम्मको बीमा गरिनेछ । बीमाका प्रिमियम वाफतको रकम यसै निर्देशिका बमोजिमको कोष बाट वेहोरिनेछ ।

(४) चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसुची २ बमोजिम हुनेछ ।

८. **एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभारः** (१) एम्बुलेन्स यस दुर्गाथली गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालय हातामा वा सम्बन्धित तोकिएको स्वास्थ्य संस्थाहरुको प्राङ्गणमा रहनेछ ।

(२) प्रचलित कानुन बमोजिम प्रक्रिया पुरा गरि एम्बुलेन्स नियमित मर्मत सम्भार गर्ने जिम्मरेवारी चालकको हुनेछ ।

(३) एम्बुलेन्स संचालन गर्दा लगबुक अधावधिक ईन्धन खर्च , सामान्य आकस्मिक मर्मत संभार खर्च तथा आम्दानी चालकले मासिक अनिवार्य रुपमा समितिमा प्रतिवेदन गर्नुपर्नेछ ।

९. **विविधः** (१) यस गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिकलाई एम्बुलेन्स सेवा शुल्कमा ५० प्रतिशत छुट गरिने  छ ।

(२) उपचारको क्रममा एम्बुलेन्समा रहेको विरामीको आकष्मिक निधन हुन गएमा निजको घर वा गन्तव्य स्थान सम्म एम्बुलेन्सले पुर्‍याइदिन पर्नेछ ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

## अनुसुची- १

(निर्देशिकाको दफा ५ संग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट)

दुर्गाथली एम्बुलेन्स सेवा संचालन व्यवस्थापन तथा अनुगमन समितिले समय समयमा निर्धारण गरेको भाडादर बमोजिम हुनेछ ।

| सि.न | स्थान देखि | स्थान सम्म | स्विकृत | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| एम्बुलेन्स स्वास्थ्यकर्मी अनमी/अ.हे.व सहित पठाउनुपर्ने भएमा थप १० प्रतिशत शुल्क लाग्नेछ । | | | | |

- एम्बुलेन्स मा रहने न्यूनतम सेवा सुविधा तथा औषधिको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।
- एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका बिमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।
- यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसुची – २

(निर्देशिकाको दफा (६ ) को उपदफा (४) संग सम्बन्धित)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार सिहिता

१. एम्बुलेन्स सेवा सञ्चालन एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दा आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने ,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने ,

५. आफुले लिएका निर्णयहरुमा आफ्नो व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ,

८. बिरामीलाई बिच बाटोमा अपलत्र हुने गरी छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएको कुनै सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षालाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पुर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्याउनु पर्ने,

११. आफ्नो उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने, नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसारपसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयंम सजाएको भागेदारी हुनेछ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

म.............................................ना.प्र.प.नं जारी मिति..............जिल्ला , ड्राइभिङ लाइसेन्स नं...............जारी मिति..........................ले माथिको उल्लेखित आचार संहिता अध्यन गरेको छु । बझाङ्ग जिल्ला दुर्गाथली गाउँपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्ने सहमति जनाई सहि छाप गरेको छु ।

चालकको:

दस्तखतः

नामः

मितिः

रहोवरमा प्रमाणित गर्ने व्यक्तिको:

दस्तखतः

नामः

मितिः

कार्यालयको छापः

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

अनुसुची -३

(निर्देशिकाको दफा ८ को उपदफा (१) संग सम्बन्धित )

"ख" वर्गको-common life support) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण

- First Aid का सामानहरु,

- Oxygen Cylinder, Follow Meter/ Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,

-IV Injection दिन सक्ने व्यवस्था ,

- Stretcher Cum Board

-Stethoscope, BPApparatus, Torchlight

- Emergency medicin

आज्ञाले ,

नाम : झलक बहादुर दौल्याल

प्रमुख प्रशासकिय अधिकृत

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल